# राष्ट्रिय स्वतन्त्र पार्टी

## को

## वडा अधिवेशन निर्वाचन कार्यविधि २०८१

**(पहिलो सम्सोधन)**

केन्द्रीय निर्वाचन आयोग

केन्द्रीय कार्यालय

बनस्थली, काठमाडौं नेपाल ।

# श्री राष्ट्रिय स्वतन्त्र पार्टीको

## वडा अधिवेशन कार्यविधि २०८१

### (पहिलो सम्सोधन)

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान तथा स्थापित विधि वमोजिम वडा अधिवेशन विधि र पद्धतिमा रहि लोकतान्त्रीक प्रणली अन्तरगत धाँधलिरहित र आपसि सहमतिको वातावरणमा सम्पन्न गर्न गराउन विधान सम्सोधन भएकोले पहिलो सम्सोधन सहित यो वडा अधिवेशन कार्यविधि २०८१ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "**वडा अधिवेशन कार्यविधि २०८१"** रहने छ ।

ख) यो कार्यविधि केन्द्रीय निर्वाचन आयोगलेले जारी गरेको मिति देखि लागु हुनेछ ।

ग) यो कार्यविधि पार्टीको पहिलो हुने वडा अधिवेशनको हकमा मात्र लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "विधान" भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टी विधानलाई जनाउनेछ भने संगठन कार्यविधि भन्नाले संगठन निर्माण कार्यविधिलाई जनाउने छ ।

ख) "निर्वाचन समिति" भन्नाले केन्द्रीय निर्वाचन आयागले वडा निर्वाचन प्रयोजनको लागि गठित समितिलाई जनाउने छ

ग) "संयोजक" भन्नाले गठन भएका तहगत निर्वाचन समितिको प्रमुखलाई जनाउने छ ।

घ) "निर्वाचन" भन्नाले अधिवेशन मार्फत समिति निमार्ण गर्न हुने निर्वाचनलाई जनाउने छ ।

ङ) "उमेद्धवार" भन्नाले तोकिए बमोजिमका पदाधिकारी तथा सदस्यहरुको पदमा विधानको अधिनमा रही उम्मेद्धवार हुने मनोनयन पत्र दर्ता गरेका व्यक्तीलाई सम्झनु पर्नेछ ।

च) "मतदाता" भन्नाले पार्टीको संबन्धीत तहको अधिवेशनमा सहभागि हुन योग्य प्रतिनिधिलाई मात्र जनाउने छ ।

छ) "मतदान" भन्नाले आफुले चाहेको उम्मेदारलाई लोकतान्त्रिक पध्दतिबाट मत दिने विधिलाई सम्झनु पर्दछ।

**४. वडा अधिवेशन निर्वाचन समिति गठनः**

निर्वाचन आयोगले जिल्लामा निर्वाचन आयुक्त तोक्नेछ । निर्वाचन आयोगले तोकेको जिल्ला निर्वाचन आयुक्तले निष्पक्ष रुपमा निर्वाचन गराउने विश्वासका साथ राजनैतिक रुपमा सक्षम,योग्य, र व्यक्तिगत रुपमा स्वार्थ नबाझिने ब्यक्तिहरु समेटेर एक जनाको संयोजकत्वमा ३ जनाको निर्वाचन समिति गठन गर्नेछ । संयोजकले अन्य समिति सदस्यहरुको काम

बाँडफाँड गर्ने छ । निर्वाचन समितिले निर्वाचनको कार्यतालिका भेला आयोजक समितिसंगको परामर्शमा आफै तयार गर्न सक्नेछ ।

## ५. निर्वाचन सम्बन्धी कार्यक्रम

यस नियमावली बमोजिम निर्वाचन हुने समितिको निर्वाचन कार्य तालिका यस प्रकार रहने छ ।

क) निर्वाचन तालिका देहाय बमोजिम वा समय फरक भई तालिकाको शिलशिला निम्नानुसार हुनेछ ।

- ☞ मतदाताको नामावली प्रकाशन ।
- ☞ उम्मेद्वारको मनोनयन दर्ता । (अनुसुचि-१ बमोजिम)
- ☞ उम्मेद्वारको प्रारम्भिक नामावली प्रकाशन ।
- ☞ उम्मेद्वार माथि दावी बिरोध । (अनुसुचि-२ बमोजिम)
- ☞ उम्मेद्वारी फिर्ता । (अनुसुचि-३ बमोजिम)
- ☞ उम्मेद्वारको अन्तिम नामावली प्रकाशन ।
- ☞ मतदान ।
- ☞ मत गणना र मत परिणामको घोषणा ।
- ☞ सपथ ग्रहण । (अनुसुचि-४ बमोजिम)

**नोटः** मतगणनाका कागजपत्र निर्वाचनको ३५ दिन सम्म सिलबन्दी गरी सुरक्षित राख्नु पर्नेछ ।

## ६. वडा अधिवेशन तथा निर्वाचन सम्बन्धी कार्यविधी

१. वडा अधिवेशनको मतदाता विधान बमोजिम पार्टीको केन्द्रीय पोर्टलमा दर्ता रहेका सवै सदस्यहरु हुनेछ । तोकिएका मताधिकार प्राप्त सवैको नामावली निर्वाचन आयोगले निर्वाचन समिति मार्फत तोकिएको समय र मितिमा आवेदन दिएका सवै सदस्यहरुको रुजु गरी सार्वजनीक गर्नेछ ।

२. निर्वाचन समितिले अधिवेशन तथा निर्वाचनको मिति, समय, स्थान एवं दफा ५ अनुसारको तालिका बनाई निर्वाचन तालिका सार्वजनिक गर्ने, सामाजिक संजालमा सबैको पहुँचमा पुर्‍याउने र सबैले देख्न सक्ने स्थानमा प्रकाशित गर्नु पर्नेछ । निर्वाचन समितिले अधिवेशन आयोजक समितिसंग समन्वय गरी निर्वाचन तालिका बनाउनु पर्नेछ । अनुशासित भई सभ्य, शिष्ट भाषामा सामाजिक संजालमा समेत प्रकाशन गर्न सकिने छ ।

३. निर्वाचन कार्यक्रम प्रकाशित भए पश्चात तोकिएको समय भित्र कसैको दावी बिरोध पर्न आए सो दावी विरोध सम्बन्धी प्रमाणहरु चेक जाँच गरी आवश्यक काम कारवाही गर्ने, आवश्यकतामा उम्मेदवारी खारेजीका लागि निर्वाचन समितिले गर्न सक्नेछ ।

४. निर्वाचन समितिले आवश्यक स्थानमा एक वा एक बढी मतदान केन्द्रको व्यवस्था गरी निर्वाचन गराउन सक्नेछ ।

५. निर्वाचन समितिले आवश्यक परेमा निर्वाचन समिति सदस्यहरु एवं कर्मचारी नियुक्त गर्न र आफ्ना अधिकारहरुको प्रत्यायोजना गर्न सक्नेछ ।

६. पार्टीको विधि विधान र आचार संहिता माथी विश्वास नराख्ने सदस्यलाई निर्वाचन कार्यक्रममा समाबेस गराईने छैन ।

## ७. उम्मेद्वारको मनोनयन पत्र

क) यस नियमावली बमोजिम मनोनयन पत्र दाखिला गर्दा मनोनयन फारम शुल्क तथा उम्मेद्वारी दर्ता शुल्क देहाय बमोजिम हुनेछ । उम्मेद्वारले दरखास्त फारमसंगै शुल्क वडा समिति वा सरहको उमेदवार मनोनयन शुल्कः

सभापति रु. २००, सदस्य रु. १०० अनिवार्य बुझाउनु पर्नेछ ।.

ख) निर्वाचनमा उम्मेद्वार हुन चाहने व्यक्तिले १ पद १ व्यक्तिको सिद्धान्तलाई पालना गर्दै कुन पदमा उम्मेद्वार हुन चाहेको हो सोही पद खुलाई मतदाताहरु मध्येबाट एक जना प्रस्तावक र एक जना समर्थकको दस्तखत गराई तोकिएको मतदान केन्द्रमा आफैं उपस्थित भई तोकिएको ढाँचामा निर्धारित समय भित्र निर्वाचन समितिका सदस्य समक्ष पेश गरी दर्ता गराउनु पर्नेछ वा केन्द्रीय निर्वाचन आयोगले अनलाईन विधि तोकेको अवस्थामा सोही अनुसार पनि अनलाईन उम्मेदवारी दिन सक्नेछ ।

**ग) उम्मेदवार हुने योग्यताः**

१. अन्तिम मतदाता नामावलीमा नाम सुचिकृत रहेको । (पार्टीको केन्द्रीय पोर्टलमा मतदाता परिचयपत्र सहित दर्ता ( नविकरण कायम) रहेको र केन्द्रीय पोर्टलबाट सदस्यता नं. प्राप्त गरेको अनिवार्य हुनु पर्ने ।)

२. सम्वन्धित भूगोलमा स्थायी बसोवास भई मतदाता नामावलीमा नाम भई मतदाता परिचय पत्र भएको र सो ब्यहोरा आफ्नो सदस्यता विवरणमा अपलोड गरी परिचयपत्रमा क्यूआर कोड प्रकाशित भएको ।

३. विगत ६ महिना देखि पार्टी हित विपरित कुनै गतिबिधि नगरेको ।

४. पार्टी हित विपरीत काम गरेको आरोप लागी सजाय भुक्तान गरेको भए सो को प्रमाण भएको ।

५. पार्टीको अनुशासन आयोग वा संगठन विभागमा उजुरी परि छानविन टुंगोमा पुगेको र सफाई पाएको ।

६. नेपाल सरकारको फौजदारी अभियोग नलागेको ।

**नोटः** हाल पार्टीको अन्य जिम्मेवारीमा रहेको भए उम्मेदवारी दिए पश्चात हाल कायम रहेको पद स्वतः रिक्त हुनेछ ।

घ) निर्वाचन समितिका सदस्यहरुले मनोनयन फारम रित नपुगेको भए सच्याउने उचित मौका प्रदान गरिनेछ । रित पुगेपछि दर्ता उम्मेदवारलाई दर्ता नं. उपलब्ध गराइने छ ।

ङ) कुनै १ पदको उम्मेद्वारको प्रस्तावक र समर्थक भइसकेका मतदाता अर्को सोही पदको उम्मेद्वारको प्रस्तावक वा समर्थक बस्न पाइने छैन ।

च) उमेदवारी मनोनयन पार्टीको एप मार्फत दिन सक्ने ब्यवस्था पनि गरिनेछ । यसको साथै उम्मेदवारी मनोनयन दर्ता निर्वाचन समितिमा उमदवारी फारम भरी दिन पनि सकिनेछ । उमेदवारी फिर्ता लिन उम्मेद्वार स्वयं आफैं उपस्थित भई निवेदन पेस गर्नु पर्नेछ । उमेदवारी फिर्ता मतदान प्रकृया सुरुहुनु अगाडिसम्म गर्न सकिने छ । फिर्ता लिंदाको हकमा उम्मेद्वारी दर्ता शुल्क फिर्ता हुनेछैन् ।

छ) कुनै उमेदवार माथी दावी विरोध भएमा सो दावी विरोधको बारेमा छानविन गरी यस नियमावलीमा उल्लेख भए बमोजिम उम्मेदवारको उम्मेदवारी कायम हुने वा नहुने निक्यौल गरी सम्वन्धितलाई जानकारी गराउने ।

**८. उम्मेद्वारको नाम प्रकाशन**

क) निर्वाचन समितिले मनोनयन पत्रको जाँचबुझ पछि र नाम फिर्ता लिने दावी बिरोध गर्ने समय सकिएपछि हटाउनुपर्ने उम्मेद्वार भए सो नाम हटाई बाँकी उम्मेद्वारको नाम प्रकाशित गर्नु पर्नेछ ।

ख) निर्वाचन समितिले निर्वाचन गराउन नसक्ने अवस्था श्रृजना भएमा सो को कारण सहित खोली निर्वाचन स्थगित गर्न केन्द्रीय निर्वाचन आयोग समक्ष सिफारिस गर्नेछ आयोगले बाँकी  निर्णय लिनेछ ।

## ९. उम्मेद्वारको नामावलीमा दावी बिरोध

क) कुनै उम्मेद्वारको नाम प्रकाशनमा गल्ती भएमा वा यस कार्यविधिमा उल्लेखित शर्तहरु पुरा गर्नुपर्ने, पुरा नभएमा वा उम्मेद्वार हुन अयोग्य व्यक्ति भएमा तोकिएको समय भित्र मतदाता वा उम्मेद्वार समेतले सो विवरण खोली विरोध पत्र निर्वाचन समितिमा दर्ता गराउन सक्नेछन् ।

ख) प्राप्त हुन आएका दावी विरोधहरुको उम्मेद्वारका बिषयमा मनोनयन पत्र एवं सो सम्बन्धि आवश्यक प्रमाणहरुको जाँच गरी उम्मेद्वारको निवेदन माथि निर्णय गरी संशोधित नामावली वा सफाई पाएको भए निर्णय प्रकाशित गरिनेछ । यस अवस्थामा कुनै प्रकारका समस्या एवं विवाद उत्पन्न भएमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

## १०.निर्विरोध विजयी भएको

क) समितिका कुनै पनि पदमा एक पदका लागि एक जना मात्रको मनोनयन पत्र दर्ता भई सोही पदमा अर्को उम्मेद्वार प्रतिस्पर्धी नरहेको अवस्था र दावी विरोधको अवस्था पार गरी अन्तिम नामावली प्रकाशनमा एक मात्र उम्मेदवार रहन गएमा त्यस्ता पदका उम्मेद्वारलाई निर्विरोध बिजयी भएको घोषणा गरिनेछ ।

## ११. मतदाताः

अन्तिम मतदाता नामावलीमा नाम सुचिकृत रहेको । (पार्टीको केन्द्रीय पोर्टलमा दर्ता (नविकरण कायम) रहेको र केन्द्रीय पोर्टलबाट सदस्यता नं. प्राप्त गरेको अनिवार्य हुनु पर्ने ।)

## १२. मतदान केन्द्र

निर्वाचन समितिले मतदाता संख्याको आधारमा मतदाता केन्द्र तोक्न सक्ने छ । मतदान केन्द्रको पूर्ण रुपमा सुरक्षा प्रवन्ध मिलाईनेछ  र कुनै मदिरा जन्य वा अवान्छित कृयाकलाप गरि मतदान केन्द्रमा प्रवेश गर्न बर्जित छ।

## १३. मतदान

मतदाताको परिचयपत्र (पार्टी सदस्यता कार्ड, नागरीकता, लाईसेन्स, मतदाता परिचय पत्र आदि)को आधारमा मतदाता नामावलीमा नाम भएको मतदाताहरुलाई लाईनमा राखेर पालैपालो मतदान गर्न लगाईने छ । मतदाताले गोप्य मतदान गर्नु पर्नेछ । कुनैपनि मतदाताले गोप्य मतादान प्रकृयालाई खलल पुग्ने कुनै काम गरेको अवस्थामा तुरुन्त निर्वाचन समितिले कारवाहि प्रकृया अगाडि बढाउन सक्नेछ । निर्वाचन समितिले तोकेको समय भित्र मतदान गरिसक्नु पर्ने छ । तोकिएको समय  भन्दा पछाडि मतदाता आएमा मतदान गर्न पाईनेछैन ।

## १४.वडा अधिवेशनबाट निर्वाचित हुने विधिः

समिति गठन गर्दा देहायको हुने छ ।

१. वडा समिति न्यूनतम ३ जना देखि अधिक्तम ११ जना सम्मको गठन हुनेछ । ११ जनाको पूर्ण समितिमा ४ जना महिला (१ जना दलित महिला) अनिवार्य रूपमा हुनपर्नेछ भने युवालाई प्रथमिकतामा राखिनेछ । कुनै कारणवश यो अनुसार समावेशीता कायम हुन नसके, ती पद रिक्त रहनेछन् तर फरक समूहबाट पूर्ति गरिने छैन ।

२. वडा सभापति १ पदको निम्ती निर्वाचन हुनेछ। सभापति पदको लागी २ जना भन्दा बढि उमेदवार भएमा निर्वाचनमा कुनैपनि उमेदवारले ५०+१ मत नल्याएमा बढि मत ल्याउने २ जना उमेदवार विच निर्वाचन गरी सभापति निर्वाचित गरिनेछ।

३. वडा समितिमा १ जना वडा सभापति, १ जना वडा उपसभापति १ जना वडा सचिव र बाँकि ६ सदस्यहरुको लागी निर्जाचन हुनेछ।

४. कुल ११ जना समितिमा न्यूनतम ४ जना (३३%) महिला (न्यूनतम १ दलित महिला सहित) हुनु पर्नेछ।

५. कुल ११ जना समितिमा युवालाई प्राथमिकतामा राख्नुपर्नेछ।

६. सभापति निर्वाचनको निर्णयक चरणमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्दी स्वतः वडा समिति सदस्य हुनेछ।

७. उपदफा २ र ६ अनुसार महिला दलित र महिला पद तोकिएको संख्याअनुसार नपुगेमा उपदफा ३ अनुसारको निर्वाचनबाट पूर्ति गर्नु पर्नेछ। यदि उपदफा ३ अनुसार पनि महिला दलित र महिलाको संख्या निर्वाचित नभएमा उक्त स्थान खालि रहेनछ।

८. सभापतिमा एक जना मात्रै उमेदवार भएमा सभापति निर्विरोध निर्वाचित हुने छ। यसरी निर्विरोध निर्वाचित भएमा २ जना सदस्य मनोनीत गर्न सकिनेछ। उपदफा ६ बमोजिम १ सदस्य छनैट भएमा १ जना सदस्य मात्रै मनोनित गर्न सकिनेछ।

**वडा परिषद**

(१) वडा परिषद् वडाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ।

(२) वडा परिषद्को गठन देहाय बमोजिम हुनेछ।

(क) वडा समितिका सबै पदाधिकारी तथा सदस्यहरु,

(ख) सम्बन्धित वडाका केन्द्रीय पोर्टलमा दर्ता भएका प्रति ५० जनासम्म पार्टी सदस्यहरु बराबर वडा समितिले मनोनीत गर्ने १ महिला सहित २ जना प्रतिनिधिहरु (० देखि ५० सम्म २ जना, ५१ देखि १०० सम्म ४ जना, १०१ देखि १५० सम्म ६ जना एवम् रितले बढ्दै जाने)। यसरी मनोनीत हुने संख्या मनोनयनको बखतको पार्टी सदस्य संख्याका आधारमा निर्धारण गरिनेछ, र पार्टी सदस्य संख्या वृद्धिसँगै मनोनीत हुने संख्या एवम् रित अनुसार बढ्दै जानेछ।

(ग) वडा उम्मेदवार क्लबका सबै सदस्यहरु।

(घ) वडा तहमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु।

(ङ) पालिका, जिल्ला, प्रदेश, केन्द्र समितिमा वडाबाट प्रतिनिधित्व गर्ने सबै। पालिका, जिल्ला, प्रदेश, केन्द्रीय विभागमा पालिका प्रतिनिधित्व गर्ने पदाधिकारीहरु।

(च) परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित वडाका मतदाता ठेगाना रहेको हुनुपर्नेछ।

(छ) वडा सभापति, उपसभापति र सचिवले वडा परिषद्को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन्।

(ज) वडा परिषद वर्षमा कम्तीमा एक पटक बस्नेछ।

**नोटः** त्यस वडाको जनसँख्याको अवस्था हेरि निर्वाचन अधिकृतले समावेशिताको अबस्था तोके बमोजिम भए नभएको प्रमाणीत गर्ने छ।

## १५. मत पत्र

मत पत्र यहाँ उल्लेख गरिए बमोजिम हुनेछ। मतदान पत्रमा पार्टीको छाप र निर्वाचन संयोजकको अनिवार्य हस्ताक्षर भएको हुनु पर्ने छ। मत पत्रमा उम्मेदवारलाई चुनाव चिन्ह दिएर चुनाव चिन्हको आधारमा मतपत्र तयार गर्न सकिने छ।

## राष्ट्रिय स्वतन्त्र पार्टी

................ जिल्ला .................... पालिका वडा नं. ....... को वडा समिति निर्वाचन मतपत्र

(नमुना)

सभापति

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

## राष्ट्रिय स्वतन्त्र पार्टी

................ जिल्ला .................... पालिका वडा नं. ....... को वडा समिति निर्वाचन मतपत्र

(नमुना)

| | | |
|---|---|---|
| सदस्य | | |
| १ | नाम | |
| २ | नाम | |
| ३ | नाम | |
| ४ | नाम | |
| ५ | नाम | |
| ६ | नाम | |
| ७ | नाम | |
| ८ | नाम | |
| ९ | नाम | |
| १० | नाम | |

हस्ताक्षर

निर्वाचन समिति संयोजक

## १६. बैध/अबैध मतपत्र

१. मत पत्र च्यातिएको र उमेदवारको नाम वा निर्वाचन चिन्ह अस्पष्ट भएको मतपत्र अमान्य हुने छ।

२. मत पत्रमा अगाडी वा पछाडी पार्टीको छाप र निर्वाचन समिति संयोजकले तोकेको हस्ताक्षर अनिवार्य हुने छ।

३. मतदान पत्र केरमेट नभएको हुनेछ।

## १७. सदर/बदर मत

१. मतदान गर्दा मतदान पत्रमा उल्लेख भएको कोठामा ✓ चिन्ह लगाउनु पर्ने छ। यसरी चिन्ह लगाउदाँ आफुले चाहेको एक पदको लागि एक जनालाई मात्र मतदान गर्नु पर्नेछ। यदि एक पदमा एक भन्दा बढिलाई चिन्ह लगाएको खण्डमा सो मत बदर हुनेछ।

२. बाहिर चिन्ह लगाएको खण्डमा सो मत पनि बदर हुनेछ। तर संकेत मिलेको खण्डमा मतगणना अघि बनाएको नियम अनुसार गर्न सकिनेछ।

३. कोठामा ✓ को साट्टा अन्य कुनै चिन्ह लगाएमा वा केरमेट गरेमा सो मत बदर हुनेछ। तर संकेत मिलेको खण्डमा मतगणना अघि बनाएको नियम अनुसार गर्न सकिनेछ।

## १८. मतगणना

१. मतगणना सुरक्षीत स्थानमा गरिनेछ।

२. मतगणना हुनुभन्दा अगाडि सबै मतपेटिकाको मुचुल्का उठाउनु पर्ने छ। मुचुल्कामा उम्मेदवार वा प्रतिनिधिको अनिवार्य हस्ताक्षर हुन पर्नेछ।

३. मतगणनामा उम्मेदवार स्वयम् वा उम्मेदवारको प्रतिनिधिको रोहवरमा मतगणना गरिनेछ।

४. मतपत्र बैध/अबैध र मत सदर/बदर यस नियमावलीमा उल्लेख गरिएबमोजिम हुनेछ। यदि सो बारेमा विवाद भएमा निर्वाचन समितिले निर्णय दिन सक्नेछ।

## १९. मतपेटिकाः

निर्वाचन समितिले बन्द गर्न मिल्ने प्रकृतिको मतपेटिका ब्यवस्था गर्ने छ। मतदान हुनु पुर्व उम्ममेदवार वा प्रतिनिधिको रोहवरमा मतपेटिका पूर्णरुपमा खालि गरी मतदान केन्द्रमा राखिनेछ। मतदान प्रकृया समाप्त भएपछि मतपेटिका उम्मेदवार वा प्रतिनिधिको रोहवरमा सुरक्षित गरी गणनाको समयमा मतपेटिका खोलिनेछ।

## २०. निषेधित कार्यः

यस कार्यविधिको अधिनमा रही निर्वाचन कार्य सम्पन्न गरिनेछ। तपशिलका बुँदाहरु निषेधित गरिएको छ।

क) निर्वाचन प्रक्रियामा कसैले पनि होहल्ला, गाली वेइज्जत गर्ने।

ख) निर्वाचनलाई असर गर्ने गरी कुनैपनि कृयाकलाप गर्ने, मतदान भाँडभैलो गर्ने काम नगर्ने।

ग) निर्वाचन स्थलमा तोकिएको मतदाता, निर्वाचन प्रयोजनमा तोकिएका सदस्य, प्रदेश र केन्द्र समितिले तोकेको पदाधिकारी बाहेकका अन्य कोहि उपस्थीत हुने वा गराउने ।

घ) निर्वाचन स्थलमा झैझगडामा प्रयोग हुन सक्ने र कानुनले निषेधित गरेका सामाग्रीहरु लैजाने ।

ङ) निर्वाचन कार्यतालिका भन्दा बाहिर गएर जो कसैले पनि काम गर्ने ।

च) निर्वाचन समिति र मतदातालाई प्रलोभनमा पर्ने, धम्काउने तथा निषेध गर्ने ।

छ) निर्वाचनलाई प्रभावमा पर्ने उद्देश्यले अनावश्यक पर्चा, पोष्टरीङ् तथा आर्थिक चलखेल गर्ने ।

ज) विधिवत भइरहेको निर्वाचन प्रकृयालाई भाड्ने ।

झ) उम्मेदवार वा उम्मेदवारको समर्थक समुहले अर्को उम्मेदवारलाई लक्षित गरी व्यक्तिगत लान्छाना सार्वजनिक रुपमा व्यक्त गर्न पाईने छैन् । त्यस्तो उजुरीको विषय रहेमा संबन्धीत विभागमा पठाउनु पर्नेछ ।

ञ) निर्वाचन मण्डल र प्रदेश, केन्द्रका समिति वा निकायका व्यक्तिहरुले निर्वाचनलाई प्रभावित गर्न पाईंदैन् । आफ्नो मान्छेलाई उम्मेदवार बनाएर ल्याउन नमिल्ने ।

ट) उम्मेदवारहरु एक्ला एक्लै उम्मेदवारी दिनु पर्नेछ । आन्तरिक लोकतन्त्रलाई बलियो बनाउनको लागि एक भन्दा बढी उम्मेदवारले समुहमा उम्मेदवारी दिने, सामुहिक प्रचारप्रसार गर्ने कार्य निषेध गरिएको छ ।

यदि यहाँ उल्लेख गरिएको कार्य कसैबाट भएको खण्डमा निर्वाचन समितिले कानुन बमोजिम कारवाहिको लागि नजिकको सुरक्षा निकायलाई अनुरोध गर्न सक्नेछ । निर्वाचन कानुन, आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुको उम्मेदवारी खारेजी सम्मको कारवाही, मतदाताहरुलाई मतदानमा रोक्न र मतदान स्थलमा प्रवेश निषेध, अन्य सदस्य र पदाधिकारीलाई कसुरको आधारमा आवश्यक कारवाहि हुनेछ ।

## २१. निर्वाचन स्थगित गर्ने अवस्था

१. मताधिकार प्राप्त प्रतिनिधिहरुको बहुमतले निर्वाचन प्रकृया स्थगीत गर्ने निर्वाचन समितिमा लिखित निवेदन दिएमा ।

२. कुनै एक पक्षले निर्वाचनलाई एकपक्षिय ढंगबाट बुथ क्याप्चर गरेको खण्डमा ।

३. दुई वा दुई भन्दा बढि पक्षको दोहोरो भिडन्त भई मतदाताहरु असुरक्षित भएको खण्डमा ।

४. निर्वाचन समितिमा अनावश्यक दवाव आएको खण्डमा ।

५. निर्वाचन प्रकृयामा होहल्ला गरी प्रभावित गरेको खण्डमा ।

यदि निर्वाचन स्थगित भएको अवस्थामा निर्वाचन स्थगित भएको लिखित जानकारी प्रतिनिधिहरुलाई निर्वाचन समितिले गराउने छ । निर्वाचन स्थगीत भएको सूचना निर्वाचन स्थलमा समते टाँस गर्न सक्नेछ । समय अनुकुल भएपछि आवश्यकता बमोजिम स्थानीय प्रशासनको सहयोगमा पून निर्वाचनको मिति, स्थान र समय तोकि निर्वाचन समितिले निर्वाचन प्रकृया सुचारु गर्नेछ ।

## २२. मत बरावर भएको अवस्थाः

मत गणना गर्दा मत वराबर भएमा गोलाप्रर्था मार्फत अन्तिम निर्णय गरिनेछ ।

## २३. निर्वाचन अभिलेखिकरणः

अधिवेशनबाट निर्वाचित सदस्यहरुको अभिलेखिकरण र निर्णय प्रति निर्वाचन समितिले निर्वाचन आयोगलाई बुझाई आयोगले अभिलेखिकरण राख्ने व्यवस्था गर्नु पर्नेछ ।

**२४. सपथ ग्रहण**

क) विधानत निर्वाचित समितिलाई निर्वाचन समितिको संयोजकले माथिल्लो समितिको प्रतिनिधिको उपस्थितिमा सपथग्रहण गराउनेछ । संयोजकले सपथ ग्रहण गराउने अवस्था नरहेमा संयोजकले अधिकार प्रत्यायोजन गरी सपथग्रहण गराउन सक्नेछ ।

**ख. शपथ ग्रहणको विवरण:**

**राष्ट्रिय स्वतन्त्र पार्टी**

शपथ पत्र

म (सम्वन्धित सदस्यको पुरा नाम) ……………………………………………………मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधान प्रति पूर्ण बफादार रही सत्य निष्ठपूर्वक प्रतिज्ञा गर्दै ईश्वरका नाममा इमानका साथ शपथ लिन्छु कि पार्टीप्रती पूर्ण बफादार रहदै वडा समितिको ……………………………………पदको कामकाज प्रचलीत कानून र पार्टीको विधानको अधिनमा रही मुलुक र जनताको भलो चिताई, कसैको डर नमानी पक्षपात नगरी पूर्वाग्रह वा खराव भावना नलिई पदिय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु ।

धन्यवाद ।

नाम: हस्ताक्षर: मिति:

नोटः यदि कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा --------- बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति वडामा त्यसको पहिलो बैठकमा भाग लिनु एक दिन अगावै निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ । सदस्यले शपथ लिए पछि आफुले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी तोकिएको निर्वाचन अधिकृतलाई वुझाउनु पर्नेछ।

**२५. विविध**

क) निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन समितिले अधिवेशन आयोजक समिति समेतले गरेको निर्णय नै आधिकारीक एवं अन्तिम निर्णय हुनेछ ।

ख) कुनै पनि कुरा चित्त नबुझेमा तत्य र प्रमाणका आधारमा पुरावेदन गर्न पाइनेछ ।

**२६. खारेजी र बचाउः**

यस कार्यविधिमा माथि जेसुकै लेखिएको भएतापनि यस पार्टीको विधान एवं नेपालको प्रचलित नियम कानूनसंग बाझिने निर्णयहरु भने स्वत: खारेज हुनेछन् । साथै यो कार्यविधि जारी भएपछि यस भन्दा पहिलाको वडा अधिवेशन सम्वन्धित सवै कार्यविधिहरु स्वतहः खारेजी हुनेछ भने उक्त कार्यविधिहरु मार्फत गरिएका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरिएको मानिनेछ ।

अनुसूची-१

# राष्ट्रिय स्वतन्त्र पार्टी

वाड अधिवेशन

उमेदवारी दर्ता फारम

मितिः...............................

आज मिति २०८१ ...... .गते.......... भईरहेको वाड अधिवशनमा वाड समिति ................. पदमा रहनको लागी निम्न प्रस्तावक साथमा मैले मेरो उमेदवारी दिएको छु। मेरो यो निर्वाचन प्रकृयमा पूर्ण सर्मथन छ।

| | |
|---|---|
| उमेदवारको नाम थरः | प्रस्तावक नाम थरः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| जिल्लाः | जिल्लाः |
| पालिका वडा नं. : | पालिका वडा नं. |

अनुसूची—२

(कार्यविधीसँग सम्बन्धित)

## उम्मेदवारको विरोधमा उजुरी

श्री निर्वाचन अधिकृत,

निर्वाचन अधिकृत----------------

.............................. वडा समिति, .............................. जिल्ला ।

.............................. जिल्लाको.................... गाउँपालिका वा महा वा उप वा नगरपालिका वडा नं. ..... को सभापति/सदस्य महिला/ सदस्य दलित महिला सदस्य पदको निर्वाचनमा ..................... पार्टी सदस्यको तर्फबाट उम्मेदवार हुनको लागि दर्ता नं........... मा मनोनयनपत्र दर्ता भएका श्री................................ निम्नलिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयनपत्र खारेज गरी पाउन यो उजुरी दिएको छु । उजुरीको कारण ..........................................................................................................................
..........................................................................................................................

संलग्न प्रमाण सहितको मिति----------------- सहिछाप................... समय —

नाम,थर-----------------.................

ठेगाना ................................

उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि (निर्वाचन अधिकृतले भर्ने)

यो उजुरी मिति .............................. को दिन............ बजे मनोनीत उम्मेदवार वा निजको प्रतिनिधि श्री .............................. ले मेरो समक्ष दाखिल गरेको हो ।

.............................

निर्वाचन अधिकृत

अनुसूची—३

(कार्यविधिको------ को उपनियम (------) सँग सम्बन्धित)

विषयः नाम फिर्ता लिएको सूचना

श्री निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय,

.......................... गाउँपालिका वा माहा वा उप माहा वा नगरपालिका, .......................... जिल्ला । .......................... जिल्लाको..................... गाउँपालिकावा माहा वा उप वा नगरपालिका वडा नं. ..... वडा सभापती वा सदस्य वा महिला सदस्य वा दलित महिला सदस्य पदको निर्वाचनमा ...................... पार्टीको उम्मेदवार हुन मेरो मनोनयनपत्र दाखिला भई मिति.......................... मा प्रकाशित उम्मेदवारको नामावलीमा मेरो नाम समावेश भएकोमा सो निर्वाचन उम्मेदवार हुन हाल मलाई इच्छा नभएकोले आफ्नो राजी खुशीले आफ्नो नाम फिर्ता लिएको सूचना गर्दछु ।

मिति ------------------— सहिछाप..........................

नाम, थर .......................... ठेगाना..........................

(निर्वाचन अधिकृतले भर्ने)

यो सूचना मिति.......................... को दिन ........ बजे निर्वाचन अधिकृतको कार्यालयमा मेरो समक्ष दाखिला भएको हो ।

दस्तखत ..........................

निर्वाचन अधिकृत

निर्णय माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोराको सत्यतामा म सन्तुष्ट वा असन्तुष्ट भएकोले श्री................................................. को नाम निजको उम्मेदवारको नामावलीबाट हटाउने वा नहटाउने निर्णय गरें ।

मिति--------------------- समय---

दस्तखत ..........................

निर्वाचन अधिकृत

अनुसूची-४

(कार्यविधी ----- उपनियम (-------) सँग सम्बन्धित

मुचुल्का

निर्वाचन आयोग निर्वाचन अधिकृतको कार्यालय .......................... जिल्ला .................... गाउँपालिका वा माहा वा उप वा नगरपालिका ................ मतदान केन्द्र नाम ढाँटी मतदान गर्न आएको वा मदिरा सेवन वा हुल हुज्जत वा दङ्गा वा प्रविधिलाई दुरुपयो गरि परेको दावी विरोध सम्बन्धमा मतदान अधिकृतले गरेको निर्णय बमोजिम प्रमाण बुझी निम्न बमोजिम निर्णय गरेको छु ।

(निर्णयको संक्षिप्त व्यहोराको मुचुल्का)

..........................................................................................................................................
.......................................................... ----------------------------------------------

मिति ................................ समय ------------------------------------

दस्तखत ..........................

निर्वाचन अधिकृत